जगदुल्ला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
माझगाउँ डोल्पा
कर्णाली प्रदेश

प.स.०८२।०८३ मिति: २०८२।११।१२
च.न. ५४९

**न्यूनतम रोजगारका लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा २ (थ), रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा १, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १४ (२) बमोजिम आगामी आ.व.२०८३/८४ मा सघं, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने न्यूनतम रोजगारी, रोजगार मुलक कार्यक्रम तथा सीपमुलक तालिममा संलग्न हुन चाहने १८ देखि ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरूले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित मिति २०८२ चैत्र ११ गते भित्र तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नोटः** अघिल्लो आ.व. मा सूचीकृत भएका व्यक्तिहरुले समेत आगामी आ.व. २०८३/८४ का लागि पुनः सूचीकृत हुन तोकिएको निवेदन फाराम भरी नवीकरण गराउनुहुन अनुरोध छ।

**थप जानकारीः**

रोजगारमूलक सेवा, सीपमूलक तालिम वा रोजगारी खोजी सम्बन्धी सेवाका लागि जुनसुकै समयमा shramsansar.gov.np वा Shramsansar App मार्फत पूर्ण विवरणसहित दर्ता गर्नुहुन समेत अनुरोध गरिन्छ।

**आवेदनका लागि आवश्यक कागजातहरूः**

१. रीतपूर्वक भरिएको आवेदन फाराम।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (बसाईंसराइ गरी आएको भए बसाइँसराइ प्रमाणपत्रको प्रतिलिपि)।

३. आवेदन फाराम अनिवार्य रूपमा वडाबाट प्रमाणित गराइएको हुनुपर्नेछ।

बोधार्थः श्री वडा कार्यालयहरु सबैः सुचना टाँस गरि आवेदन फारम संकलनमा सहयोग तथा संकलित १।१ प्रति फाराम रोजगार शाखामा पठाउन हुन ।

.............
मीती प्रसाद जैसी
नि. प्रमुख प्रशासकिय अधिकृत
नि. प्रमुख प्रशासकिय अधिकृत